नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
# वन तथा भू-संरक्षण विभाग

फोन नं. ४-२२७५७४, ४-२२०३०३
फ्याक्स: ४-२२७३७४

(कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या र मिति उल्लेख गर्नुहोला ।
बबरमहल, काठमाडौं, नेपाल

प्राप्त पत्र संख्या र मितिः-
पत्र संख्याः ०७९/८०
च. नं.:- ८६५

मिति २०७९/११/०५

विषयः- वन विकास कोष रकम सम्बन्धमा ।

श्री डिभिजन वन कार्यालय,
सबै।

वन ऐन, २०७६को दफा ४५ र वन नियमावली,२०७९ को नियम १०८ अनुसार वन विकास कोष वन तथा भू संरक्षण विभागको नाममा रहेन व्यवस्था गरेको छ। वन ऐन ,२०७६ र वन नियमावली,२०७९ अनुसार वन विकास कोषमा ऐनको दफा ४५ (२) को देहाए कोषमा जम्मा हुने विषयगत रकम स्पष्ट उल्लेख भएको र कोषमा जम्मा हुने यस्तो रकम वन नियमावली, २०७९ को नियम १०९ बमोजिम श्रीमान सचिव ज्यू को अध्यक्षतामा गठन हुने कार्यक्रम छनोट तथा कार्यन्वयन समितीबाट परिचालन हुने भएकोले वन विकास कोषसँग सम्बन्धीत हुने ऐनमा उल्लेखित विषयगत रकम वन विकास कोषमा एकिकृत गरी जम्मा गर्नु पर्ने भएको छ।

अतः वन विकास कोषसँग सम्बन्धीत हालसम्म तहाँ डिभिजनमा विविध खातामा मौज्दात रहेको रकम र सो को विवरण समेत माग गरी कोषको हिसाब अध्यावधिक गर्नुपर्ने भएको हुदा कोषमा जम्मा हुन आएको रकम विवरण सहित यस विभागको कोष तथा लेखा नियन्त्रक कार्यालय बबरमहलको यस विभागको नाममा विविध खाता नं.१२०१२००००१००५५२४ मा ट्रान्सफर गरी पठाइदिनु भै हिसाव अध्यावधिक गर्ने कार्यमा सहयोग हुन अनुरोध छ। साथै कोषको रकम वन नियमावली,२०७९ को नियम १०८ र १०९ बमोजिम आम्दानी एंव खर्च गर्ने अधिकार विभागमा रहेको ब्यहोरा अनुसार गर्नुहुन समितीलाई अनुरोध गरिन्छ।

नवराज पुडासैनी
उप-महानिर्देशक

<u>बोधार्थ तथा कार्यार्थ</u>

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,सबै
श्री प्रदेश लेखा नियन्त्रक कार्यालय,सबै
— वन विकास कोषसँग सम्बन्धीत रकमको विवरण सहित रकम एकिन गरी रोक्का राखी रकम ट्रान्सफर गर्ने व्यवस्थाका लागी अनुरोध छ।